ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्,नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक-२०७५

## २०, २१ र २२ मंसिर, लुम्बिनी, रूपन्देही

प्रस्ताव क्रमाङ्क- १

### शैक्षिक प्रस्ताव

राष्ट्रको समग्र एवं सर्वाङ्गीण विकासमा शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । शिक्षा देश विकासको जग हो । एक्काईसौं शताब्दीमा शिक्षाबिनाको देश अकल्पनीय हुन्छ । हिजोसम्म शिक्षालाई केवल जीवन निर्वाहको आधार मात्र बनाउने परिपाटी थियो । विभिन्न राजनीतिक दल एवं संगठनहरूले आफ्नो दल र संस्था अनुकुल शिक्षालाई प्रयोग गरिरहेकाले देशको सम्पूर्ण शिक्षा क्षेत्रमा संकट उत्पन्न भइरहेको छ ।

संस्कृत सम्मेलनका लागि अन्तर्राष्ट्रिय भ्रमणमा जान लागेका संस्कृत विश्वविद्यालयका उपकुलपति माथिको सरकारको अनैतिक व्यवहारप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठक आपत्ति प्रकट गर्दछ । विश्वविद्यालयका महत्वपूर्ण अङ्गहरू परीक्षा नियन्त्रण शाखा, सेवा आयोग, विश्वविद्यालय प्रशासन लगायतका क्षेत्रमा भइरहेको मन परी राजनीतिक नियुक्ति एवं प्रशासनको मन परी कार्यप्रति विद्यार्थी परिषद्, नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकायको डिन कार्यालयबाट खुल्ला रूपमा परीक्षाका प्रश्नपत्र बेचिनुले शिक्षाक्षेत्र दूदर्शा र विश्वविद्यालयका कर्मचारी, प्राध्यापक एवं पदाधिकारीहरूको नैतिकता माथि नै गम्भीर प्रश्न खडा भएको छ । उक्त घटनाको घोर भर्त्सना गर्दै सो घटनामा संलग्न कर्मचारी एवं पदाधिकारीलाई त्रिभुवन विश्वविद्यालयको सम्पूर्ण सेवाबाट बर्खास्त गर्न समेत विद्यार्थी परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक विश्वविद्यालय समक्ष जोडदार माग गर्दछ ।

विश्वविद्यालयले क्याम्पसको सम्बन्ध दिने क्रममा व्यक्तिगत सम्पर्क र राजनीतिक प्रभावका आधारमा क्षमता र भौतिक पूर्वाधार विना नै सम्बन्ध प्रदान गरिनुले शिक्षाक्षेत्रमा व्यापारिकरण बढिरहेको छ जस प्रति प्राज्ञिक विद्यार्थी परिषद् नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक शिक्षा मन्त्रालय एवं नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

एम.बि.बि.एस. र ईन्जिनियरिङ्ग क्षेत्रमा सम्बन्धित निकायको ध्यान पुगेको देखिँदैन । प्रवेश परीक्षा र छात्रवृत्ति कोटा प्रणालीले हजारौं विद्यार्थीहरूको अधिकार हनन भइरहेको छ । मेडिकल शिक्षामा माफियाहरूले चर्को रकम असुलेर राजनीतिक दलका सचेतकहरूलाई दिने र सरकारले पटक पटक माथेमा प्रतिवेदनमा भएका मेडिकल शिक्षा सुधारका लागि आवश्यक जायज मागहरूप्रति गरेको सम्झौताप्रतिको वेवास्ताप्रति विद्यार्थी परिषद् आपत्ति प्रकट गर्दै समयमै माथेमा प्रतिवेदनको कार्यान्वयन गर्दै यी समस्याहरूको समाधानका लागि नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ ।

सि.टि.इ.भि.टि. को चरम लापरवाहीले हरेक वर्ष लाखौं नेपाली युवाहरू ठगिइरहेका छन् । विभिन्न विदेशी आइएनजिओले दिएको मोटो विदेशी रकमको आडमा स्वीकृति प्रदान गरी सञ्चालन भइरहेका होटेल म्यानेजमेन्ट, ओभरसियर, एच.ए, फार्मेसी र नर्सिङ जस्ता महत्वपूर्ण क्षेत्रमा गहन एवं दूरगामी समस्या देखा पर्न थालेको छ । भौतिक संरचना र मापदण्ड विपरित सञ्चालन भएका, शैक्षिक संस्था एवं विषयहरूप्रति विद्यार्थी परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर आपत्ति प्रकट गर्दछ । होटल म्यानेजमेन्टको व्यवहारिक ज्ञानको अभ्यासका नाममा विभिन्न मुलुकमा युवाहरूलाई जानुपर्ने बाध्यात्मक स्थिति सिर्जना भएको छ । यस विषयमा सरकार गम्भीर बन्दै सिटिइभिटिका गतिविधिलाई अनुगमनको दायरा भित्र ल्याई कडाईका साथ अनुगमन गर्न र दोषी शैक्षिक संस्थालाई कारबाही गर्न समेत प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सरकार समक्ष आग्रह गर्दछ ।

देशको प्राकृतिक श्रोत र साधन प्रयोगका लागि उपयुक्त हुने किसिमको शैक्षिक पाठ्यक्रम निर्माण गरी उक्त क्षेत्रमा आवश्यक दक्ष जनशक्ति निर्माण गर्न टेवा पुग्ने किसिमको शैक्षिक प्रणाली विकास गर्न र देशमा नै पर्याप्त

रोजगारीको अवसर सिर्जना गर्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकार एवं विश्वविद्यालयसमक्ष हार्दिक आग्रह गर्दछ ।

विगत केही वर्षदेखि कक्षा १०, ११ र १२ मा ग्रेडिङ्ग प्रणाली लागू भएको जग जायरै छ । ग्रेडिङ्ग प्रणाली अनुसार कति जिपिए ल्याउने विद्यार्थीले कुन विषय पढ्न पाउने अथवा नपाउने भन्ने विषयमा अन्यौल भइरहेको छ । जसको कारणले वर्षेनी हजारौं युवाहरू अन्यौलकै कारण सही निर्णय लिन सकिरहेका छैनन् । आम विद्यार्थीहरूको भविष्यप्रति सरकार गम्भीर हुन जरुरी छ । राष्ट्रिय परीक्षा बोर्ड र विभिन्न विश्वविद्यालयहरू बीच सहकार्य एवं समन्वयको अभाव हुनाले विद्यार्थीहरू भ्रमित हुने गरेका छन् । विद्यार्थीहरू सबै उत्तीर्ण हुने भन्ने नीतिका कारण ७० प्रतिशतभन्दा बढी विद्यार्थीहरू पढाईप्रति गम्भीर देखिँदैनन् । जसले गर्दा गलत प्रभाव पर्न गई निकट भविष्यमा समस्याहरू निम्तिने विषयप्रति विद्यार्थी परिषद् सरकारको ध्यानाकर्षण गराउँदछ ।

माध्यामिक तहमा निर्माणाधिन नयाँ पाठ्क्रमबाट देशका लागि अत्यावश्यक विषय (सामाजिक, भूगोल, नेपाली आदि) लाई हटाउने वा अंकभार कम गर्ने विषयमाबहस् चलिरहेको हुँदा देशको भूगोल, समाज, इतिहास र भाषा जस्ता महत्वपूर्ण विषयलाई उच्च प्राथमिकताका साथ पाठ्यक्रममा लागू गर्न र पूर्ण पाठ्यभार सहितका पाठ्यक्रम निर्माणका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक पाठ्यक्रम विकास केन्द्र एवं शिक्षा मन्त्रालयसमक्ष हार्दिक आग्रह गर्दछ ।

विभिन्न संस्था एवं मिसनरीद्वारा सञ्चालित पब्लिकेशनप्रति सरकारको ध्यान जानु आवश्यक छ । नेपाल सरकारको पाठ्यक्रम विपरित नेपालको गौरवशाली इतिहास, मौलिक संस्कृति, दर्शन र राष्ट्रियतालाई अपमानित हुने गरी पाठ्यपुस्तकहरू छपाउने र अध्ययन अध्यापन गराउने कार्य भइरहेको हुँदा उक्त क्षेत्रमा सरकारको अनुगमन हुन आवश्यक छ । राष्ट्र, राष्ट्रियता र राष्ट्रको परिचय झल्काउने विषयहरू बञ्चित गराई पश्चिमी संस्कृति संस्कारका बारेमा बालबालिकाहरूलाई घोकाएर आफ्नो देशको विषयमा कमजोर बनाउने कार्य भइरहेको छ । साथै प्रदेश नं. दुईका मुख्य मन्त्रिद्वारा ल्याइएको मदरसा बोर्ड गठन गर्ने प्रस्तावको प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक घोर भर्त्सना गर्दछ । साथै धर्मनिरपेक्ष राष्ट्रमा कुनै धर्म र सम्प्रदायलाई लक्षित गरेर सरकारले नै यस्तो प्रस्ताव ल्याउने विषयलाई तुरुन्त खारेज गर्न र मदरसा शिक्षालाई कडा भन्दा कडा नीति निर्माण गरी त्यसको अनुगमन र नियन्त्रण गर्नका लागि समेत विद्यार्थी परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक जोडदार माग गर्दछ ।

नेपाल सरकारले शिक्षकहरूका लागि लागू गरेको पोषाक देशको भौगोलिक अवस्था अनुसार अनुकूल हुन सकिरहेको छैन । हिमाली जिल्लाका शिक्षकहरूले चिसो मौसममा पनि सरकारले तोकेको पोषाक बाध्यतावस लगाउनु परिरहेको छ । देशभर समानस्तरमा सरकारले निर्धारण गरेको पोषाकमा विद्यालय जानुपर्ने परिस्थितिलाई पुनः मूल्यांकन गर्दै मौसमको अनुकूलताको आधारमा पोषाक निर्धारण गर्नका लागि शिक्षा मन्त्रालयसमक्ष जोडदार माग गर्दछ ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्,नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक

२०, २१ र २२ मंसिर, २०७५। लुम्बिनी, रूपन्देही

प्रस्ताव क्रमाङ्क- २

### "न्यायको प्रत्याभूति संगै देशलाई समृद्धिको दिशामा अग्रसर बनाऊ"

डोटी, डोल्पा, काभ्रे लगायत देशका विभिन्न स्थानमा भएका सडक दुर्घटनामा परी ज्यान गुमाउनेप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति हार्दिक श्रदाञ्जली प्रकट गर्दछ साथै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ। वर्षेनी हुने यस्ता दुर्घटना प्रशासनिक एवं मानवीय लापरवाही, सडकको स्तरोन्नतिमा देखिएको ढिलासुस्ती, सरकारको अनुगमनमा देखिएको उदासिनता र फितलो व्यवस्थापन आदिका कारण सयौं मान्छेले अकालमै ज्यान गुमाएका छन्। त्यसैले यातायात जस्तो विषयलाई सरकारले गम्भीरताका साथ लिएर योजना बनाई अनुगमनमा कडाई गर्नुका साथै दुर्घटना न्यूनिकरणका लागि प्रभावकारी नीति लागू गर्न नितान्त आवश्यक देखिन्छ तसर्थ ट्राफिक व्यवस्थालाई प्रभावकारी बनाउन र सडकको स्तरोन्नतिका लागि गम्भीर बन्नका लागि परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक हार्दिक आग्रह गर्दछ।

आम निर्वाचन संगै बनेको दुई तिहाई बहुमतको सरकारले आम नागरिकको अपेक्षा अनुसारको कार्य गर्न नसकिरहेको अनुभूति आम नागरिकहरूले गरिरहेका छन्। निर्मला हत्याकाण्डको छानविन प्रक्रियामा देखिएको असफलता, ३३ किलो सुन काण्डको छानविन प्रकरण, स्थानीय निकायमा कर प्रणाली, नागरिकप्रति स्थानीय निकायहरूमा देखिएको अनुत्तरदायी व्यवहार, बारम्बार सरकारद्वारा घोषणा गरेका कार्यक्रम, राजधानी बासीको दैनिक जीवन प्रभावित हुने गरेर यातायात क्षेत्रमा लागू गर्न खोजेको जोर विजोर प्रणाली, यातायात क्षेत्रको सिण्डिकेट प्रणाली, विकास निर्माणमा ढिलासुस्ती, गुणस्तरहिनता र मौलाउँदो भ्रष्ट्राचार, अमर्यादित कुटनीतिक अभ्यास, लगायत विभिन्न क्षेत्रमा भइरहेको अनावश्यक राजनीतिकरण आदि विषयले सरकारप्रतिको जनविश्वास घट्दै गइरहेको महशुस गर्न सकिन्छ। देशको आर्थिक विकासको लागि आवश्यक पर्ने सही नीति, नियम निर्माण एवं कार्यान्वयन गर्न नसक्दा उचित आर्थिक क्षेत्रको क्रियाकलापहरूलाई उत्साहित गर्नुको साटो नीति निर्माताहरूले निरुत्साहित गर्ने किसिमको वक्तव्यहरू जारी गर्दा उद्योगी एवं व्यवसायीहरू अल्मलिइरहेका छन्। विभिन्न अन्तर्राष्ट्रिय निकायहरूले नेपालको आर्थिक क्षेत्रलाई बढ्दो अविश्वासको दृष्टिले हेरिरहेका उदाहरणहरू प्रकाशित हुनु समग्र नेपाल र नेपालीका लागि चिन्ताको विषय हो भन्ने विद्यार्थी परिषद्को ठम्याई रहेको छ।

देश धर्म निरपक्षेता भए सँगै स्थानीय लोक संस्कृति मान्ने समुदायले धार्मिक सहिष्णुता र सद्भावको भावना सहित अर्काको संस्कृतिलाई सम्मान गर्दै आफ्ना लोक संस्कारहरू मानिरहँदा विशेष गरी रौतहट जिल्लामा हिन्दुहरू माथि मुस्लिमहरूद्वारा सुनियोजित ढङ्गबाट हरेक वर्ष हरेक समयमा मटिया गाँउमा सरस्वती पूजा पश्चात् मूर्ति विसर्जनको कममा, डुमरिया विर्ता, गरुणा नगरपालिका स्थित जयनगर गाँउमा बरम भगवती पूजाको बेला भएको आकमण र राजपुर नगरपालिका राजपुर गाँउको कलश यात्रामा योजनाबद्ध रूपमा भएको आकमणप्रति स्थानीय प्रशासन एवं सरकारको मौनताप्रति विद्यार्थी परिषद् गम्भीर आपत्ति प्रकट गर्दछ। साथै कपिलवस्तुका विभिन्न क्षेत्रमा भएका आकमणहरूप्रति सरकारको ध्यानाकर्षण गराउँदै शान्ति सुरक्षाका लागि विद्यार्थी परिषद् जोडदार माग गर्दछ ।

देशको सिमान ाहरूमा सरकारको व्यावसायिक कियाकलापमा मात्र ध्यान गएको देखिन्छ। पछिल्लो समय केही वर्ष यता नेपाल भारतको खुल्ला सिमानाका कारण देशमा आतङ्कवादी समूहको निकै नै घुसपेट देखिन्छ। जसले गर्दा दिनानुदिन देशमा अराजकता गलत कियाकलाप राष्ट्र विद्रोह कियाकलाप मौलाउँदै आइरहेको छ। जसको स्वरूप तराई क्षेत्रमा प्रष्टसँग देख्न सकिन्छ। सुनसरीमा अज्ञात समूहद्वरा भएको खुर्सित अन्सारीको हत्या लगत्तै सरकारले विचार विमर्स नगरी शहिद घोषणा गर्नु वास्तविक शहिदहरूको अपमान ठहरिन्छ। विभिन्न मिडियाहरूको अनुसन्धान अन्तर्गत खुर्सित अन्सारी अन्तर्राष्ट्रिय आातङ्कवादी संगठनसँग संलग्न भएको देखाउँछ।
सरकारको यो कार्यप्रति विद्यार्थी परिषद्, घोर भर्त्सना गर्दछ।

देशको सबै क्षेत्रबाट एसिया प्यासिफिक समिटको घोर भर्त्सना भइरहँदा सरकार सहआयोजक बसी सरकारी ढुकुटीबाट लाखौं खर्च हुने गरी सरकारले प्रत्यक्ष रूपमा ईसाई मिसिनरीलाई सहयोग गर्ने हेतुले देशको महत्वपूर्ण पद धारण गरेका व्यक्तित्वहरूको कार्यक्रममा सहभागी गराउने कार्यप्रति विद्यार्थी परिषद्, नेपाल सरकारको घोर भर्त्सना गर्दछ । साथै समिटमा खर्च भएको करोडौं खर्च कुन स्रोतबाट क कसले के मिसन हेतु दिएको हो यो विषयमा सरकारले स्पष्ट पार्नु जरुरी हुनुका साथै सरकारको दायित्व ठहरिन्छ । देशको अभिभावकको भूमिका प्रदान गर्नु पर्ने सरकार प्रमुख तथा सरकारका सम्पूर्ण मिसिनरी लगाएर इसाई धर्मको कार्यक्रममा उपस्थिति रहनुले सरकारको मूल्य मान्यताप्रति नै शंका उपशंका उब्जिन थालेको छ । तसर्थ यस्ता विवादित र राष्ट्रिय भावना विपरितका गतिविधिमा संलग्न नभई देशका अधिकांश नागरिकको भावना र अपेक्षाको सम्मान गर्नका लागि हार्दिक आग्रह गर्दछ ।

२०७२ को महाभूकम्पमा परेर विस्थापित भएका व्यक्तिहरूको हालसम्म पनि बसोवास लगायतका आवश्यकताको व्यवस्थापन हुन सकिरहेको छैन । सरकार फेरिँदा मात्रै भूकम्प प्रभावितका समस्याहरू राजनितिक मुद्दा बन्ने तर राष्ट्रिय बहसको विषय बन्न नसक्नु सरकारको लाचारीपन हो, तसर्थ भूकम्प प्रभावित क्षेत्रका नागरिकको विषयमा विद्यार्थी परिषद् नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

सुचना तथा सञ्चार मन्त्रालय र मन्त्रीद्वारा पत्रकार/टिभी कार्यक्रम माथि गरिएको दूर्व्यवहार एवं प्रतिबन्ध, निर्मला हत्या प्रकरणका विषयमा सरकारी सञ्चार जगतलाई समाचार नलेख्न दिएको आदेशले देशको चौथो अंग सञ्चारक्षेत्रको स्वतन्त्रतामाथि अंकुश लगाउन खोजिरहेको देखिन्छ । जस प्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल गम्भीर आपत्ति प्रकट गर्दै प्रेस स्तन्त्रताको वातावरण निर्माणका लागि नेपाल सरकार समक्ष हार्दिक आग्रह गर्दछ ।

समयमा नै सरकारले बजेट पारित गरेता पनि वार्षिक बजेटको कार्यान्ययनको क्षेत्रमा सरकारले विकास बजेटमा ढिला सुस्ती गर्दा समस्या उत्पन्न भइरहेको छ । देशको कुल विकास बजेटको हालसम्म ७ प्रतिशत मात्र बजेट प्रयोग हुनुले सरकार विकास निर्माणको क्षेत्रमा गम्भीर नरहेको र विकासका कार्य र योजना नरहेको पुष्टि गरिरहेका छ । बजेट घोषणा भएको ७ महिना बितिसक्दा पनि जम्मा ७ प्रतिशत बजेट सदुपयोग हुनुले यही गतिले जाँदा अधिकांश बिकास बजेट खेर जाने स्थिति देखिन्छ । तसर्थ यथाशिघ्र विकासका परियोजनालाई अगाडि बढाउँदै देशको वर्तमान आवश्यकताको आधारमा विकास निर्माणका कार्यमा विकास बजेट खर्च गर्ने कार्यमा अग्रसर हुन प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकारसमक्ष हार्दिक आग्रह गर्दछ ।

नेपाल वायुसेवा निगम देशको पुरानो वायुसेवा निगम भए पनि निरन्तर घाटामा गई लज्जास्पद अवस्थामा पुग्नु सबै नेपालीको लागि दुःखको विषय हो । यस्तो नीरिह अवस्थामा वाइडवडी किन्दा भएको अनियमितता र भ्रष्ट्राचारले सम्पूर्ण नेपाली जनतालाई सरकारबाट पूर्ण रूपमा निराश बनाएको छ । यस घटनामा यथाशिघ्र छानविन गरी दोषीलाई कारवाही गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको केन्द्रीय कार्यकारिणी समिति बैठक जोडदार माग गर्दछ ।

प्रधानमन्त्री अध्यक्ष रहने गरी सरकारले निर्माण गरेका अन्तर प्रदेश परिषद्, प्राकृतिक स्रोत साधन वित्त आयोग लगायतका महत्वपूर्ण निकायहरूमा गठन पश्चात् एकपटक पनि बैठक बस्न नसक्नुले उक्त आयोगहरूको आवश्यकता र महत्वलाई कमजोर बनाएको छ । जसका कारण प्रदेश बीच हुनुपर्ने समन्वय, प्राकृतिक श्रोत र साधनको सदुपयोग वा बाँडफाँड हुन सकिरहेको छैन तसर्थ तुरुन्त ती आयोगहरूको बैठक सम्पन्न गर्नका लागि विद्यार्थी परिषद् नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्,नेपाल

## केन्द्रीय कार्यकारिणी समिति बैठक २०७५

## २०,२१ र २२ मंसिर । लुम्बिनी, रुपन्देही

**विशेष नोटः**

## नारी सुरक्षा र सम्मानका लागि सबै संकल्पबद्ध बनौं ।

नारी सुरक्षा र सम्मान कुनै पनि समाज र राष्ट्रकालागि पहिलो प्राथमिकताको विषय हुनुपर्दछ, तब मात्र त्यो राष्ट्र समृद्धको दिशामा अग्रसर हुन्छ । यो हिमालयक्षेत्र, पुण्यभूमि नेपाल अनेकौं ऋषि, महापुरुष एवं विदुषीहरूले लामो तपस्या र साधना पश्चात् विकास गरेको उत्कृष्ट जीवनपद्धति, सर्वस्वीकार्य संस्कृति, अनुशासन, चरित्र र राष्ट्रिय दृष्टिकोणको आधारमा खडा भएको राष्ट्र हो । जहाँ सम्पूर्ण नागरिकको आधारभूत आवश्यकता सहित उचित सुरक्षा, सम्मान र स्वाभिमानयुक्त समाजको कल्पना थियो । जहाँ सीता, भृकुटी, पासाङ् ल्हामु शेर्पा, अरुन्धती, गार्गी, मैत्रेयी जस्ता अनेकौं विदुषी र विराङ्गनाहरूले जन्म लिए, जसले नेपाललाई उच्च स्वाभिमानका साथ विश्वमा चिनाउने कार्य गरे । जहाँ “यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः, मातृवत् परदारेषु....” जस्तो उत्कृष्ट विचार र चिन्तनको आधारमा नारीप्रतिको उच्चतम सम्मान र दृष्टिकोणको विकास भएको थियो । तर देशको वर्तमान परिदृश्यलाई विश्लेषण गर्ने हो भने समाजमा विस्तारै इमान्दारिता, नैतिकता, अनुशासन, मानवीयता, दया, प्रेम र सम्मान जस्ता विषयहरू कमजोर भइरहेको महशुस हामी सबैले गरिरहेका छौं । जसका कारण दिनहुँ अमानवीय एवं घृणित घटनाहरू (महिला हिंसा, यौनदूर्व्यवहार, बलात्कार, दाइजोप्रथा, बालबिवाह, बोक्सी, आदि अन्धविश्वासका कारण हुने घटना) घटिइरहेको हामीले प्रत्यक्ष देखिरहेका छौं । जसका लागि व्यक्तिमा अनुशासन, इमान्दारिता, नैतिकता र चरित्र निर्माणको भूमिका महत्वपूर्ण रहन्छ तर वर्तमान समाज व्यवस्था, शैक्षिक प्रणाली, यी कुराहरू सिकाउनमा कमजोर बनेको त होइन यो प्रश्न सबैका सामुन्ने खडा भएको छ । प्राज्ञिक विद्यार्थी परिषद् नेपाल सदैव सभ्य र सुसंस्कृत समाज एवं राष्ट्रको निर्माणका लागि आवश्यक पर्ने असल र चरित्रवान् व्यक्ति निर्माणको दिशामा विगत लामो समयदेखि सक्रिय रहिरहेको कुरामा हामी सबै अवगत नै छौं ।

मुलुकमा पछिल्लो समय महिलामाथि विभिन्न किसिमका जघन्य अपराधका घटनाको क्रम बढ्दै गइरहेको छ । वर्तमान समयमा महिलाहरू दिन प्रतिदिन बलात्कारको शिकार भइरहेका छन् । अझ भनौं बलात्कारमा पनि सामूहिक बलात्कार हाडनाताको बलात्कारको घटना बढ्दो क्रममा छ । बलात्कारको शिकार मात्र नभएर उनीहरूको निर्ममता पूर्वक हत्या गर्ने परिपाटी हावी भइरहेको छ । यस्ता कार्य हुनु सम्पूर्ण नेपालीहरूका लागि दुखको विषय हो । महिलाहरू कहिँ कतै जाँदा पनि ढुक्क भएर हिड्न सक्ने वातावरण छैन । प्रत्येक दिन महिला डर, त्रास र भयको पहाड बोकेर हिड्न बाध्य भइरहेका छन् । महिला हिंसाका विभिन्न घटनाबाट मृत्यु भएका सम्पूर्ण नारीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै पीडितहरूलाई यथाशिघ्र न्यायका साथ समाजमा स्वाभिमानका साथ बाँच्ने मौलिक अधिकारको प्रत्याभूतिका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

कञ्चनपुरको भीमदत्त नगरपालिका २ की १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कार पछि हत्या भएको थियो । बलात्कार भएको पाँच महिना बितिसक्दा पनि हत्यारा पत्ता लगाउन सकिरहेको छैन । सरकारी पक्षबाट भइरहेको अनुसन्धान प्रगति यतिका दिनसम्म पनि शून्य मै रहेको कारण हत्याराहरूको मनोबल बढ्न गएको आम जनमानसको बुझाई छ । जसले गर्दा नारगिकको सुरक्षा निकाय एवं सरकारप्रतिको विश्वास नै गुम्दै गइरहेको छ । मुलुकका हजारौं नागरिक हत्यारा पत्ता लगाउन माग गर्दै सरकारलाई दबाब दिँदै आइरहेका छन् । साथै निर्मलाको बुबा यमराज पन्तको मानसिक सन्तुलनमा समेत खराबी देखिएको छ । निर्मला पन्त हत्या प्रकरणलाई हेर्दा सरकारले दोषीको पक्ष पोषण गरेको आभाष सर्वसाधारणले गर्न पुगेका छन् । निर्मलाको न्यायका हेतु उठेका आवाज र शान्तिपूर्ण ऱ्याली एवं न्यायको मागका लागि पोष्टर टाँसिरहँदा सुरक्षा निकायले गरेको दादागिरी र दुर्व्यवहार साथै

न्याय माग्दै गर्दा विभिन्न व्यक्तिको अपहरण शैलीमा विभिन्न व्यक्तिहरूलाई पकाउ गरी हिरासतमा लिएको परिघटनाले सरकारले लोकतन्त्रको नै उपहास गरेको भान भइरहेको छ । निर्मला हत्या प्रकरण लगायतका सम्पूर्ण महिलाहरू माथि भएका अन्यायका विषयलाई गम्भीर रूपमा लिएर दोषी माथि हदैसम्मको कारवाही गरी देशको न्यायलाई जिवित राख्नका लागी विद्यार्थी परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकारसमक्ष हार्दिक आग्रह गर्दछ ।

सूचना प्रविधिमा फेसबुक, ट्विटर, भाइबर, इमो लगायतका सामाजिक सञ्जालको  बढ्दो दूरुपयोगका कारण विकृति विसंगति भित्रिएको पाइन्छ । यसबाट महिलाहरू माथि विभिन्न खालका मानसिक हिंसा हुने क्रम बढ्दो छ । सामाजिक सञ्जालकै माध्यमबाट महिलाहरूलाई अश्लील शब्द बोल्ने अश्लील भिडियो फोटो पठाई ब्याल्कमेलिङ गर्ने क्रम बढ्दो छ । यस कारण महिलाहरू मानसिक तनावमा गुज्रिरहेका छन् । तसर्थ देशको सामाजिक सञ्जालको नियन्त्रण र निगरानीलाई प्रभावकारी बनाइ महिलामाथि भइरहेको साइबर क्राइमलाई रोक्नका लागि विशेष सुरक्षा नीति अबलम्बन गर्न प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकार समक्ष हार्दिक अनुरोध गर्दछ ।

प्रत्येक नारीलाई शिक्षित, सम्मानित, स्वावलम्बी र साहसी बनाउँदै आफ्नो रक्षाका लागि आँफै सक्षम हुन आवश्यक केही व्यावहारिक सीपहरू सिकाउँदै उनीहरूमा आत्मविश्वासको विकासको साथ सक्षमता प्रदान गर्नका लागि विशेष प्रशिक्षणको योजना सहित नारी सुरक्षा र सम्मानका लागि गम्भीर बन्नका लागि प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठक नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

पश्चिमी सभ्यता, संस्कृति र आधुनिकताको प्रभावले महिला मात्र देखावटी, प्रचारको सामाग्री वा आकर्षणको केन्द्र बनिरहेको छ जसका कारण अनेकौं क्षेत्रमा (प्रशासन, सार्वजनिक स्थल, कलाकारिता, आमसञ्चार, नीजि संस्थाहरू) महिला दूर्व्यवहार एवं हिंसा बढिरहेको छ । महिलाहरू सार्वजनिक स्थलहरूमा पनि विभिन्न किसिमबाट शारीकि या मानसिक हिंसामा पर्ने गरेका छन् । महिला स्वतन्त्रताको नाममा भित्रिएको पश्चिमी सभ्यता र उत्ताउलोपनलाई नियन्त्रण गर्न सकेको खण्डमा समाजमा भइरहेको महिला हिंसालाई कम गर्न सकिने हुँदा उक्त विषयप्रति विद्यार्थी परिषद्को यो केन्द्रीय कार्यकारिणी समितिको बैठक सम्पूर्ण नागरिकहरूको ध्यानाकर्षण गराउँदै त्यस्ता विषयप्रति सचेत हुन समेत आग्रह गर्दछ ।